राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ | अंक ११५ | २०८२ मंसिर ०९ गते मंगलवार | (25 Nov. 2025) | पृष्ठ ४ | मूल्य रू. ३।-

## विवाहपञ्चमी आज :

# पर्यटक कम, व्यवस्थापन फितलो



दैनिक समाचारदाता

जनकपुरधाम । त्रेतायुगमा भगवान् श्रीराम र माता सीताको पवित्र विवाह सम्पन्न भएको सम्झनामा प्रत्येक वर्ष जनकपुरधाममा



भव्यताका साथ मनाइने विवाह पञ्चमी उत्सव यसवर्ष पनि साताव्यापी कार्यक्रमसहित सुरु भएको छ। सोही क्रममा आज सोमवार आयोजित मटकोर कार्यक्रम उत्साहपूर्वक सम्पन्न भएको छ। मटकोरलाई मिथिला संस्कृतिमा विवाह तयारीको महत्वपूर्ण चरण मानिन्छ, जसअन्तर्गत माटो उठाएर धार्मिक विधि सुरु गरिन्छ। आज (मंगलवार) विवाह पञ्चमीको मुख्य दिन जनकपुरधाम सांस्कृतिक र धार्मिक उल्लासले झनै भरिएको छ। जानकी मन्दिरका महन्थ रामतपेश्वर दासका अनुसार मंगलवार बिहान जानकी मन्दिरबाट भगवती सीताको डोला र राम मन्दिरबाट भगवान् श्रीरामको डोला निकालिनेछ। दुवै डोला जनकपुरधाम परिक्रमा गर्दै बाह्रबिघा (रंगभूमि) मैदानमा प्रवेश गर्नेछन्, जहाँ पौराणिक विवाहको पुनर्स्थापना स्वरूप "स्वयंवर कार्यक्रम" आयोजना गर्नेछ।

यसैबीच, विवाहोत्सवको विशेष महत्वलाई ध्यानमा राख्दै मधेश प्रदेश सरकारले आजको दिन सार्वजनिक बिदा घोषणा गरेको छ। गृह, सञ्चार तथा कानून मन्त्रालयद्वारा जारी विज्ञप्तिमा प्रदेशभरि सार्वजनिक बिदा दिइएको जानकारी गराइएको छ।

धार्मिक उत्साह प्रबल रहे पनि पछिल्ला केही वर्षयता विवाह पञ्चमीमा सहभागी हुन आउने पर्यटक तथा तीर्थालुहरूको संख्या घट्दै गएको देखिन्छ। नेपालभित्र भइरहेको राजनीतिक अस्थिरता, विभिन्न आन्दोलन र आन्तरिक द्वन्द्वको प्रत्यक्ष असर पर्यटन क्षेत्रमा परेको नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कर्ण बताउँछन्।

उहाँका अनुसार धार्मिक पर्यटनको प्रमुख उद्देश्य मन, आत्मा र आस्थामा शान्ति पाउनु हो, तर विगत केही वर्षदेखि आन्दोलन, नाकाबन्दीको वातावरण र राजनीतिक तनावले पर्यटकको आवागमन नै कमजोर बनाइदिएको छ। 'जनकपुरधामलाई शान्ति क्षेत्रको रूपमा घोषणा गर्न सके धार्मिक पर्यटनले ठूलो फड्को मार्नेछ,' उहाँले जोड दिनुभयो।

केन्द्रीय सदस्य कर्णका अनुसार प्रदेशको आर्थिक विकासका लागि पर्यटन मुख्य आधार हो। तर राजनीतिक द्वन्द्वको प्रतिकूल प्रभाव सबैभन्दा बढी जनकपुरधाममा परेकाले भारत लगायत बाहिरी देशबाट आउने दर्शकहरूको संख्या वर्षैपिच्छे घट्दै गएको छ।

यस वर्ष बारामा भएको जेनजी आन्दोलनले पनि विवाहोत्सवमा छिमेकी जिल्लाबाट आउने भक्तजनको संख्यामा कमी ल्याएको देखिन्छ। बारा, पर्सा र रौतहटका श्रद्धालुहरू विगत वर्षहरूमा तुलनात्मक रूपमा धेरै देखिन्थे, तर यस वर्ष त्यो भीड उल्लेखनीय रूपमा घटेको जनाइएको छ।

बाँकी ३ पृष्ठमा

## सुमनराज अर्याल मुख्यसचिव नियुक्त




दैनिक समाचारदाता

काठमाडौं, ८ मंसिर। नेपाल सरकारको मुख्यसचिवमा सुमनराज अर्याल नियुक्त भएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले उनलाई मुख्यसचिव नियुक्त गर्ने निर्णय गरेको हो। ५८ वर्षे उमेरहदका कारण मुख्यसचिव एकनारायण अर्याल यही ९ मंसिर (भोलि) बाट अनिवार्य अवकाशमा जाँदैछन्। त्यसअघि आज बसेको मन्त्रिपरिषद् बैठकले अर्याललाई नियुक्त गरेका हुन्।

एकनारायण १३ भदौ २०८१ मा मुख्यसचिव नियुक्त भएका थिए।


अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

बालअधिकारको रक्षा गरौं।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,
- बालअधिकारको रक्षा गरौं,
- बालबालिकाको जन्मदर्ता अनिवार्य गरौं,
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं,
- घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔं,
- बालअधिकारप्रति संवेदनशील बनौं,
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं।

*बालअधिकार सुनिश्चित गरौं, उज्ज्वल भविष्यको निर्माण गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# रामजानकी विवाहोत्सव र व्यवसायी

नेपालकै धार्मिक महोत्सव मध्ये रामजानकी विवाह महोत्सव ठूलो मानिन्छ। महोत्सवमा सहभागी हुनका लागि यहाँ लाखौंको संख्यामा प्रतिवर्ष आउने गर्दछन्। तर यी महोत्सव राज्यद्वारा उपेक्षित भएका कारणले जनकपुरधाम व्यवसायिक रुपमा पर्यटकीय स्थलको रुपमा विकास गर्न सकेन।

यसैले गर्दा विवाहोत्सव नेपालको सांस्कृतिक प्रतिष्ठा, ऐतिहासिक स्मृति र क्षेत्रीय पहिचानको जगेर्नासँग जोडिएको अवसर हो। प्रत्येक वर्ष मनाइने यस पर्वले जनकपुरलाई विश्वसामु चिनाउने क्षमता राखे पनि, त्यो सम्भावना आज पनि अधुरै छ।

सदियौं पुरानो रामसीता विवाहकथाले दक्षिण एसियाका समाजहरूलाई गहिरोसँग बाँधेको छ। यही कारण विवाहोत्सवले नेपाल, भारत, श्रीलंका, कम्बोडिया, थाइल्याण्डदेखि इन्डोनेसियासम्मका श्रद्धालु र पर्यटकलाई तान्ने क्षमता राख्छ। तर विडम्बना(अर्बौंको सम्भावना बोकेको यो धार्मिक सांस्कृतिक धरोहर न्यूनतम व्यवस्थापन, कमजोर पूर्वाधार र राज्यको सीमित प्राथमिकताका कारण सीमित औपचारिकतामा मात्र सिमटिएको छ।

एक समय महिनौंसम्म चल्ने विवाहोत्सव आज एक साताको कार्यक्रममा थिचिएको छ। भीड बढे पनि व्यवस्थापन, सरसफाइ, आवागमन, सुरक्षा र प्रचारप्रसारको अवस्था अझै पुरानै छ। अयोध्याले धार्मिक पर्यटनलाई आर्थिक रूपान्तरणको साधन बनाउँदै विश्वस्तरको गन्तव्य निर्माण गरिरहेकोबेला जनकपुरधाम भने संरचनागत अभाव र योजनाविहीनताका कारण पछि परिरहेको छ। यसले राज्यको उदासीनतामात्र होइन, स्थानीय स्तरमा आवश्यक सचेतना अभाव पनि देखाउँछ।

जनकपुरधाम केवल इतिहास बोकेको शहर होइन। यो 'रामायण सर्किट' को केन्द्रबिन्दु बन्न सक्ने सामर्थ्य बोकेको भूमि हो। विवाहोत्सवका सांस्कृतिक दृश्य, जन्ती स्वागत, मण्डप परम्परा, मिथिला कलासँग मिसिएको रीतिथिति विश्वस्तरमा प्रदर्शन योग्य सामग्री हुन्। तर यसका लागि पूर्वाधार विकास, अन्तर्राष्ट्रिय स्तरको आवास(सेवा, डिजिटल प्रचार, ऐतिहासिक मार्गको पुनर्जीवन र समन्वित पर्यटन नीति अनिवार्य छ।

अन्ततः, प्रश्न स्पष्ट छ इतिहासले दिएको अवसरलाई हामी उपयोग गर्छौं कि फेरि पनि बेवास्ताको अँध्यारोमा हराउँछौं? राम(जानकी विवाहोत्सव जनकपुरधामलाई विश्वको प्रमुख धार्मिक(सांस्कृतिक राजधानी बनाउनसक्ने शक्ति हो। अब राज्य, समाज र स्थानीय समुदायको साझा प्रतिबद्धता बिना विकल्प छैन। अहिले नै दीर्घकालीन निर्णय र लगानीको समय हो।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# पार्टीमात्र होइन,राजनीतिको पुनर्संरचना खोजिएको हो



डा. बाबुराम भट्टराई

म आज आफ्नो जीवनको अत्यन्त खुसीको क्षणमध्ये एउटा मान्दैछु। किनकि मान्छे जन्मेपछि जब आँखा खोल्छ र संसारलाई बुझ्छ, जगत के हो, दुनियाँ के हो, म किन जन्मेँ, मैले के गर्नुपर्ने हो भन्ने प्रश्न गर्न थाल्छ, त्यसपछि नै उसले समाजलाई बदल्ने, रुपान्तरण गर्ने, अझ उन्नत बनाएर जाने, आफू मर्ने बेलासम्म यो समाज, मानवजाति, प्राणी जगत उन्नत होस् भन्ने आकाङ्क्षा राख्दछ।

म पनि त्यहीमध्ये एउटा प्राणी हुँ। त्यसैको निम्ति सात दशक उमेर पार गर्दा पाँच दशकको सक्रिय राजनीतिमा थुप्रै उकाली-ओराली चढ्दै यहाँसम्म म आइपुगेको छु। र, अहिले खासगरी जेनजीका युवा साथीहरूको जुन मैले कुराहरू सुन्ने अवसर प्राप्त गरेँ, त्यसले मेरो हौसलालाई अझै बढाएको छ।

उमेरले बुढो भए पनि विचार, जोस, जाँगरले आफैँ युवा भएको मैले अनुभूत गरेको छु। त्यस अर्थमा, विशेषतः युवा, जेनजी साथीहरूलाई म हार्दिक धन्यवाद भन्न चाहन्छु, शुभकामना दिन चाहन्छु र आज हामीले स्थापना गरेको यो प्रगतिशील लोकतान्त्रिक पार्टीको म पूर्ण सफलता, उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

तपाईंहरूले मलाई एउटा अभिभावकको रूपमा यहाँ प्रस्तुत गर्नुभएको छ। अभिभावकले के गर्नुपर्छ तपाईंलाई थाहै नै छ। अभिभावकले आफैँ सक्रिय कार्यकारी भूमिका निर्वाह गर्दैन। जसले काम गर्नुपर्ने हो, तिनीहरूलाई काम गर्न दिन्छ, दिनुपर्छ, आफ्नो कुरा राख्नुपर्छ। लागु भएन भने पनि उनीहरूले जे गर्छन्, उनीहरूको अधिकार हो भनेर सहेर बस्नुपर्छ, तर आफ्नो कुरा चाहिँ फेरि भनिराख्नुपर्छ। म त्यही प्रतिबद्धता तपाईंहरूसँग व्यक्त गर्न चाहन्छु।

गत भदौ २३ र २४ गते सायद ममात्रै एउटा पूर्वप्रधानमन्त्री थिएँ जो आफ्नै गाउँमा बसेको थिएँ, जसको हातमा मोबाइल थियो, अरुको हातमा के थियो- उहाँहरूले आफैँ भनिसक्नुभएको छ।

र, त्यतिबेला पनि मैले आफूलाई लागेका कुरा तपाईंहरूलाई सम्प्रेषण गरिरहेको थिएँ। त्यो कुरा म दोहोर्‍याउन चाहन्नँ। म खाली स्मरणमात्र के गराउन चाहन्छु भने इतिहास भनेको चरणबद्ध ढंगले अगाडि बढ्छ। जसरी हामी मान्छेको उमेरको पुस्ता हुन्छ, त्यस्तै इतिहासको, समाजको पनि पुस्ता हुन्छ। त्यो चरण हुँदै त्यो अगाडि बढ्छ।

त्यसैलाई अहिलेको 'युरोपियन इलाइटेनमेन्ट' भनिन्छ, प्रबोधन युग। त्यतिबेलाका दार्शनिकहरूले परिभाषित गरेका थिए। त्यसैले समाज निरन्तर गतिशील छ, परिवर्तनशील छ। उन्नत चेतना भएको मान्छेले त्यो परिवर्तनको प्रवाहलाई अझ तीव्र पार्ने भूमिका निर्वाह गर्नुपर्छ भन्ने विभिन्न विचार संश्लेषण हुँदै आए। त्यसैलाई हामीले दर्शन विचार भन्ने गर्छौं। अघि मित्र राम कार्कीजीले पनि भन्नुभयो, विचारविहीनता भन्ने नै हुँदैन। त्यसले यो समाजका विकासका, परिवर्तनका गतिलाई परिभाषित गरिराख्छ, नयाँ-नयाँ आविष्कार गरिराख्छ। ती प्रत्येक नयाँ आविष्कारको प्रक्षेपण गर्छ र आगामी संसारको दिशा के हुन्छ भनेर त्यो निर्माणमा ऊ उद्यत हुन्छ। त्यसैलाई हामीले विचार दर्शन भन्छौं।

नेपालको जुन लोकतान्त्रीकरण प्रक्रिया थियो, २००७ साल आसपासबाट सुरु भएर बीपी र पुष्पलालहरूको पुस्ता हुँदै हाम्रो पुस्तासम्मले २०७२ साल असोज ३ गते संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गर्ने बेलासम्म इतिहासको एउटा अध्याय, जनताले आफ्ना चुनिएका प्रतिनिधि मार्फत आफ्नो संविधान लेखेर जारी गर्ने काम पूरा भएकै हो।

तर त्यसमा केही अपूर्णता थिए। त्यसैले मैले त्यतिबेलैदेखि यो संविधान आधा गिलास भरी छ, आधा खाली छ, त्यसका केही अपूर्णता भन्दै आएको थिएँ। त्यो आधा गिलासलाई जोगाउँदै आधा गिलास भर्नेतिर जानुपर्छ। त्यसो गर्नको निम्ति पुरानो प्रकारको राजनीति, पुरानो प्रकारको पार्टी र नेतृत्वले हुँदैन। नयाँ चाहिन्छ भनेर २०७२ साल असोज ९ गते मैले आफैँले निर्माण गरेको, यी साथीहरूसँग काम गरेर हामीले त्यहाँसम्म पुर्‍याएको पार्टीको इतिहास पूरा भयो। त्यसलाई मैले कहिल्यै खराब भनेको छैन। धेरै माओवादी पृष्ठभूमिका साथीहरू 'दाइले छोडेर जानुभयो' भन्नुहुन्छ। छोडेर गएको होइन। माओवादी आन्दोलनले आफ्नो कार्यभार पूरा गर्‍यो।

२००७ सालमा सुरु भएको क्रान्ति र परिवर्तनको कुरात्यसलाई २०४६ सालमा अलिकति अगाडि बढाइयो, त्यो अपूर्ण थियो। त्यसलाई अझ पूर्णता दिनुपर्छ भनेर धक्कामूलक ढंगले माओवादी जनयुद्ध र २०६२/६३ को आन्दोलनले एउटा उचाइमा पुर्‍याएर हामीले २०७२ सालमा त्यसलाई पूरा गरेको हो। सापेक्ष ढंगले पूरा गरेको हो। र, माओवादी आन्दोलन त्यो पूरा गर्ने एउटा अन्तिम कडी थियो। हो, त्यो सँगसँगै नेपालमा पनि परिवर्तन आयो, विश्वमा पनि त परिवर्तन आयो।

अहिले जुन जेनजी तपाईंहरूलाई भन्ने गरिन्छ, त्यो जेनजी भनेको १९९७ देखि २०१२ सम्म जन्मेको पुस्तालाई भनेको हो। क्यालेन्डर हिसाब गर्नुस्। त्यो बेला के परिवर्तन आयो ? अहिले जे दिनचर्या तपाईंको बनेको छ, इन्टरनेट प्रविधिदेखि लिएर यो सोसल मिडिया हुँदै एआईसम्म। मैले बुझेसम्मको एआईको ब्रेकथ्रु भएको २०१२ मा हो। पहिलेदेखि नै थियो कुरा चलेको, तर सबभन्दा ठुलो क्रान्ति, मानव इतिहासकै सबभन्दा ठुलो प्राविधिक क्षेत्रको क्रान्ति, मान्छेको चेतना, सूचना सञ्चारको क्रान्ति भएको यही कालखण्डमा हो।

त्यसो भएको हुनाले अनि अब हामीले हिजोकै त्यही विचार, हिजोकै कांग्रेसले बोकेको एउटा उदारवादी पुँजीवादी विचार अथवा कम्युनिस्टहरूले जे बोकेको सबै राज्यले नियन्त्रण गर्नुपर्छ भन्ने नियन्त्रणवादी, एकाधिकारवादी विचार बोकेर अहिलेको युगको काम पूरा हुन सक्थ्यो ? सक्दैनथ्यो। त्यसैले नयाँ विचार सहितको नयाँ विकल्प चाहिन्छ भनेर नै हामीले विभिन्न अभियान सुरु गर्‍यौं, तर बुझ्न समय लिन्छ त्यसले, त्यसले ढिलो भइराखेको थियो।

अहिले पनि विश्वको आर्थिक स्तरमा हेर्‍यौं भने औसतभन्दा दस गुणा हामी तल छौं। किनभने मान्छेको आर्थिक स्तरले नै मान्छेको सामाजिक स्तर निर्धारण गर्छ र त्यसले सांस्कृतिक स्तर निर्धारण गर्छ। त्यसैले उसको चेतनाको स्तर निर्धारण गर्ने हो। त्यसैले जब विश्वको औसतभन्दा दस गुणा तल भएको समाज छ भने त्यसले अहिलेको जेनजी पुस्ताले भनेको, सोचेको विचार ती पुराना दलबाट पूरा हुन सक्थ्यो ? तिनै नेताबाट हुन सक्थ्यो ? सक्दैनथ्यो।

त्यसैले गुम्सिएर बसेको अन्तरविरोध भदौ २३ र २४ गते विस्फोट भएको हो। त्यो विस्फोटपछि म किन खुसी छु भने अब बल्ल दुनियाँले बुझ्ने गरी पुरानो ढंगले चल्दैन भन्ने कुरा नेपालमा स्थापित भयो।

त्यसैले अब पार्टी र दलमात्रै म भन्दिनँ, अब राजनीतिको पुनर्संरचना खोजिएको हो। यहाँ साथीहरूले जुन कुरा राख्नुभएको छ, राजनीतिको पुनर्संरचना खोजी यहाँ भइरहेको छ। त्यसो नगरेसम्म विश्वसँग जोडिएर जान र जेनजी पुस्ताले गरेको अपेक्षा पूरा गर्न सकिँदैन।

त्यसैले अहिले यो जुन प्रगतिशील लोकतान्त्रिक पार्टी बनेको छ, यो पार्टी भनेको जेनजी आन्दोलनको उपज हो र जेनजी पुस्ताको पार्टी हो भनेर बुझ्न जरुरी छ। यदि यो कुरा बुझिएन र मैले आफ्नो बखान गर्न थालेँ, अर्कोले अर्को बखान गर्न थाल्यो भने हुँदैन। यो हाम्रो एजेण्डा, अबको यो पार्टीको एजेण्डा भनेको जेनजी पुस्ताको चेतनासँग, त्यसको आवश्यकतासँग, यो युगसँग जोडिएका कुराको मागहरू पूर्ति गर्न यसले सक्छ कि सक्दैन ? त्यो हिजोका कांग्रेस-कम्युनिस्ट छोड्नुस्। यहाँ एउटा साथीले लालसलाम भन्नुभयो, अर्कोले अर्कै के भन्नुभयो। त्यसले केही समयसम्म लालसलाम, जय नेपाल, यो सबै भन्दै गरौंला। सुरुमा गंगा-जमुना-सरस्वती अलग अलग धार र रङ लिएर आउँछन्। एउटा बिन्दुमा मिसिएपछि गंगा एउटै बन्छ, गंगाको रङ अर्कै हुन्छ। त्यसले अहिले केही दिनसम्म गंगा-जमुनाका हाम्रा अलग-अलग धार रहन्छन्। अलि पर पुगेपछि गंगा बन्छ। त्यो गंगा पनि गएर समुन्द्रमा मिसिएपछि हाम्रो रुप-रङ अर्कै हुन्छ। त्यसैले चिन्ता नगरौं।

केही समयचाहिँ हाम्रो यस्ता अलग-अलग रङ, ढङ्ग, अलग-अलग भाषा, बोली, अलिकति जोडतोड रहन्छ। त्यसलाई अन्यथा मान्न हुँदैन। मेरो विशेष संकेतचाहिँ यो जेनजी पुस्ताका साथीहरूसँग हो। उहाँहरूसँग धेरै अन्तरक्रिया गर्ने मैले अवसर पाएको छु। थुप्रै साथीहरूसँग भेटघाट मैले गरेको छु। त्यसैले उहाँहरू सशंकित हुनुहुन्छ। धन्य हाम्रो केही साथीहरू जोडिनुभएको छ। म उहाँलाई धन्यवाद दिन चाहन्छु, आँट गर्नुभएको छ। तर उहाँहरूको मनमा संशय छ। ठुलो संशय छ।

हामी यत्रो आँट गरेर आयौं तर यी पुराना स्कुलिङमा हुर्किएका मान्छेहरू, पुराना पार्टी, सोच र प्रवृत्तिसँग आएका मानिसहरू, यी बदलिने हुन् कि होइनन् ? यिनीहरूसँग काम गर्न सकिन्छ कि सकिँदैन ? हामीले भनेजस्तो पार्टी बन्छ कि बन्दैन ? भन्ने उहाँहरूको ठुलो प्रश्न छ। मैले उहाँहरूलाई वचन दिएको छु, तपाईंहरू आउनुस्। लड्ने हो त्यसको निम्ति।

०३७ सालमा मैले कम्युनिस्ट पार्टी प्रवेश गर्दा स्टालिनको प्रवृत्तिको जगजगी थियो। स्टालिनको तरिकाले अब विश्वमा कम्युनिस्ट पार्टी रहँदैनन्। विश्वमा कम्युनिस्ट पार्टीको भविष्य रहँदैन। यति केन्द्रित, यति एकमनवादी, यति जड छ, त्यसले न कार्यकर्तालाई चेतनशील बन्न दिन्छ, जहाँ कुर्सी त्यहाँ ज्यान, त्यो कसैले छोड्दैन भन्ने प्रश्न मैले त्यतिबेलै राखेको थिएँ। र यो ट्रस्किवादी, मालेवादी भनेर म भर्खर बाइस-तेइस वर्षको फुच्चेलाई ठुला-ठुला नेताहरूले लेख्नुभएको छ।

त्यसैले मैले तपाईंहरूलाई के भन्न खोजेको हो भने तपाईंहरू यहीँ आएर संगठित भएरै लड्ने हो। त्यो तपाईंहरूको अधिकार हो, तपाईंहरूले पाउनुहुन्छ। त्यसरी मात्रै बदलिन्छ। दर्शनको, भौतिक जगत, सामाजिक जगतको पनि नियम के हो भने कुनै पनि तत्व विपरीत तत्वले नै वस्तु बन्या हुन्छ। भौतिक जगतमा पनि त्यही हो, सामाजिकमा पनि विविध प्रवृत्ति भनेर त्यो बन्या हुन्छ। तिनीहरूको बिचमा टक्कर चल्छ, त्यो टक्करले फेरि नयाँ चिज जन्म दिन्छ भन्ने हो।

युनिटी, स्ट्रगल, ट्रान्सफर्मेसन अर्थात् एकता, संघर्ष र रुपान्तरण। यही नै नियम हो। चाहे त्यसलाई मार्क्सको रूपमा जोड्नुस्, चाहे त्योभन्दा अझ अघि नै यो सिद्धान्त पत्ता लगाएका इमानुएल कान्टहरूले यो प्रगतिवाद भन्ने शब्द सबभन्दा पहिले प्रयोग गरेका हुन्। ऊ अलि अजेयवादी खालका दार्शनिक थिए। त्यसैले हामीले यो प्रगतिशील लोकतन्त्र किन राखेको हो भने कुनै पनि चिज स्थिर छैन, त्यो निरन्तर गतिमा हुन्छ।

प्रगतिशील शब्दले चाहिँ आजभन्दा भोलि राम्रो, उन्नत, भोलिभन्दा पर्सि, पर्सिभन्दा निकोपर्सि हुन्छ। समाज, जगत, हामी पनि हुनुपर्छ र हाम्रो विचार, हाम्रो सोच, शैली, आचरण, यो पार्टी पनि प्रत्येक दिन नवीकरण हुँदै जानुपर्छ भन्ने अर्थमा यो प्रगतिशील प्रयोग भएको हो। प्रोग्रेसिभिज्म भन्ने दार्शनिक हेर्नुहोला, इन्टरनेटमा पनि पाइन्छ। त्यसको परिभाषा इलाइटेनमेन्टदेखि जोडिएको छ, त्यतिबेलादेखि प्रयोग भएको यो शब्द हो। डेमोक्रेसी त जनताको किनभने त्यसबेला अटोक्र्यासी, मोनार्कीहरूको अन्त्य भयो र आधुनिक औद्योगिक युग सँगसँगै आधुनिक लोकतन्त्रको अवधारणा आयो, डेमोक्रेसीको अवधारणा आयो। त्यसपछि नै त्यो लोकतन्त्र त विकसित हुँदै आएको छ। पहिले ठुलाबडा र धनीले मात्रै भोट हाल्ने भन्ने थियो, पुरुषले मात्रै भोट हाल्ने भन्ने थियो। यस्तो पनि लोकतन्त्र नै थियो। पछि हुँदैहुँदै अहिले आएर हामी कहाँ पुगेका छौं ? यो इन्क्लुसिभ र पार्टिसिपेटरी डेमोक्रेसी हुनुपर्छ भन्ने ठाउँमा पुगेका छौं।

सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग, समुदाय सबैको सहभागिता हुनुपर्छ, सबैको बराबर स्थान हुनुपर्छ भन्ने कुरा। अब रेप्रिजेन्टेटिभ डेमोक्रेसी, प्रतिनिधिले प्रतिनिधि चुन्ने र नेता छान्ने होइन, डाइरेक्ट सर्वसाधारण जनताले आफ्नो नेता छान्छ र पार्टीभित्र पनि सदस्यले आफ्नो नेताचाहिँ साधारण सदस्यले छान्छ भन्ने अहिलेको पछिल्लो विकास भनेको त्यो हो। र, आगामी दिनमा यो उसको प्रगतिशीलका एजेन्डाहरू पनि र डेमोक्रेसीको एजेन्डा पनि अगाडि बढेर जान्छ। त्यसैले यो प्रगतिशील लोकतान्त्रिक पार्टी भनेको यो नयाँ जेनजी पुस्तासँग जोडिएको पार्टी हो। यसको इच्छा, आकांक्षा, सोचसँग जोडिएको पार्टी हो।

त्यसैले युवा जेनजी साथीहरू निर्धक्क भएर आउनुपर्छ र तपाईंहरूले यो पार्टी हाँक्नुभएन, चलाउनुभएन भने अन्यथा नमान्नुस् साथीहरूले, पार्टी बन्न गाह्रो छ। फेरि यो पनि बिस्तारै पुरानै पार्टीभित्र परिणत हुने, चुनाव आउँछ अनि त्यतिबेला फेरि भागबन्डा कहाँबाट सिट पाइन्छ, कोसँग मिल्दा खेरिचाहिँ कसको ढोका चाहर्दा खेरि टिकट पाउँछु भन्ने प्रवृत्ति त्यहाँ हुन्छ। अनि पाँच सिट, दस सिट, बिस सिट जित्यो, अनि त्यसपछि फेरि मन्त्री को हुने भन्ने साना-साना पार्टीतिर जान्छ। त्यसको केही अर्थ छैन। त्यसो हो भने त करिब १५० पार्टी दर्ता भएका छन्। पचासभन्दा बढी चुनावका लागि दर्ता भएको छ भन्ने सुन्छु। फेरि अर्को एउटा दोकान थाप्ने जरुरत छैन। तर मेरो विश्वास र आग्रह के हो भने, यो १५० मध्ये एउटा पार्टी होइन। हिजोको एउटा उदारवादी लोकतन्त्रमा आधारित पुँजीवादी धार पक्रने कांग्रेसको धार र त्यसैका वरिपरिका अन्य धार, जसलाई अहिलेको राइटिस्ट सेन्टर भनिन्छ, मध्य-दक्षिण शक्तिहरू जुन भनिन्छ, अहिले नयाँ उदय भएका कारणले आफूलाई मध्य-दक्षिण भन्नुहुन्छ, त्यो एउटा धार। अर्को, अहिले समाजवाद ल्याउनुपर्छ, अहिले सबैलाई बाँड्नुपर्छ, अहिले सबैले स्वर्ग बनाइदिनुपर्छ भन्ने तर व्यवहारमा छैन। तपाईंले भाँडोमा प्रशस्त मात्रामा पकाउनुभएकै छैन, अनि सबैलाई बराबर बाँड्छु भन्नु सबै भोकै बस्नुपर्ने कुरा न हुन्छ! पहिले प्रशस्त मात्रामा पकाउनुपर्‍यो तपाईंले। त्यो क्षमता हुनुपर्‍यो नि तपाईंको। अनि बाँड्ने हो। अर्कोतिर आफूलाई कम्युनिस्ट, साम्यवादको नाउँमा सबैलाई तुरुन्तै बराबर गर्दिन्छु भन्ने अनि सम्भव हुँदैन, आफूचाहिँ चोरी-चोरी ठुलो भाँडोमा खाने, अनि अरुलाई पुगेन भनेर भन्ने जुन एउटा प्रवृत्ति छ, ठग प्रवृत्ति, त्यो कम्युनिस्ट प्रवृत्ति पनि टिक्दैन।

हो त्यसको विकल्पमा यो धार हो। यो अबको विकसित धार। त्यो ठिक र बेठिक दुई धार हुन्छ। ठिक र बेठिक मिसिएको मध्यममार्गी भनेको एउटा अवसरवादी सारसंग्रहवादी धार हुन्छ। र मैले भन्न खोजेको त्यो भन्दा अगाडि बढेको।

एउटा व्यक्तिको निजी स्वतन्त्रतालाई प्रधानता दिने। समाजको चालक शक्ति के हो भन्नेचाहिँ व्यक्तिको निजी इच्छा-आकांक्षा, स्वार्थ नै मुख्य हो। त्यसलाई छोडिदिएपछि त्यसैले विकास ल्याउँछ, सामाजिक-आर्थिक, सामाजिक सबै भन्ने एउटा उदारवादी दार्शनिक धार हो। एउटा, राजनीतिक धार हो, जसलाई कांग्रेस र अहिले आफूलाई मध्य-दक्षिण भन्ने त्यो नयाँ बनेर आएका शक्तिहरू छन्, तिनको धार त्यो हो। अर्को भनेको मान्छे त्यतिमात्रै होइन, मान्छेमा निजी स्वतन्त्रता, निजत्व भन्ने पनि हुन्छ, तर सँगसँगै मान्छे जन्मदेखि सामाजिक प्राणी हो। बाबु र आमा भएर नै सन्तान जन्मिन्छ। अनि त्यसपछि त्यो सातमा, आठ महिना, नौ महिना जन्मेको बच्चालाई आमाले दुध नखुवाउने हो भने र बाबुले साथ नदिने हो भने, त्यो बच्चा त हुर्किंदै हुर्किंदैन।

त्यसैले हामी परिवार, समाज, राज्य आदि गरेर हामी सामाजिक हौँ। प्रत्येक मान्छे समाजमा मात्रै बाँच्छ। यस अर्थमा मान्छेको निजत्व पनि हुन्छ, सामाजिकता पनि हुन्छ। त्यसैले कम्युनिस्टहरूले वर्गको नाउँमा निजत्वलाई छोडिदिने, अरु पहिचान छोडिदिने गरे र त्यो दुर्घटनामा पुगे।

बाँकी पृष्ठ ३मा

समाचार दैनिक
जनकपुर

# कर्णालीका सहकारी संकटमुक्त, ८ अर्बभन्दा बढी बचत सुरक्षित

दैनिक समाचारदाता

सुर्खेत ८ मंसिर । विभिन्न सहकारीले बचत अपचलन गरी बदनामी कमाइरहेका वेला कर्णालीका सहकारी भने सङ्कटमुक्त देखिएका छन् । सहकारीमा समस्या नआउँदा सेयर सदस्यहरूको ८ अर्बभन्दा बढी बचत रकम सुरक्षित रहेको पाइएको हो ।




नियमित अनुगमन तथा सुपरिवेक्षणका क्रममा अन्यत्रजस्तो कर्णाली प्रदेशभित्रका सहकारीमा खासै समस्या नरहेको निष्कर्ष कर्णाली प्रदेश सरकारअन्तर्गत रहेको भूमि व्यवस्था तथा सहकारी रजिस्ट्रारको कार्यालयले निकालेको छ ।

कार्यालयका अनुसार, कर्णाली प्रदेशमा ३११ वटा सहकारी संस्था सञ्चालित छन् । तीमध्ये २९१ जिल्लास्तरीय संस्था, ७ जिल्ला सङ्घ र १३ विषयगत सङ्घका सहकारी छन् ।

जिल्लागत रूपमा सबैभन्दा धेरै सहकारी सुर्खेतमा छन् । यहाँ १०२ वटा सहकारी छन् भने दैलेखमा ३७, जुम्लामा ३४, कालिकोटमा ३२, जाजरकोटमा २७ वटा सहकारी दर्ता छन् । यस्तै, सल्यानमा २५, रुकुमपश्चिममा २३, हुम्लामा १५, मुगुमा ११ र डोल्पामा ५ वटा सहकारी दर्ता भएका छन् ।

सहकारीको यो तथ्याङ्क रजिस्ट्रारको कार्यालयमा पेस भएका विवरणहरूमा आधारित हो । उक्त कार्यालयले सहकारीहरूको नियमन, अनुगमन गर्दै आएको छ ।

यी सबै सहकारीहरू संकटमुक्त रहेको रजिस्ट्रारको कार्यालयका वरिष्ठ शाखा अधिकृत भीमबहादुर कार्कीले बताए । उनका अनुसार, अरू प्रदेशमा जस्तो समस्याग्रस्त घोषणा गरिएका वा ऋण लिएर भागेका सहकारी कर्णालीमा छैनन् ।

'सहकारी सञ्चालकहरूले पनि खासै ठूलो गल्ती गरेको देखिँदैन,' उनले रातोपाटीसँग भने, 'अन्जानमा सानासाना गल्ती मात्र देखिन्छन् ।' तर, अन्यत्र जस्तो सञ्चालक नै भाग्ने अवस्था कर्णालीका सहकारीमा नभएको उनको भनाइ छ ।

'कतिपय कानूनबारे थाहा नभएर केही प्राविधिक सानासाना गल्तीहरू भइहाल्छन् नै,' कार्कीले भने । उनका अनुसार, कर्णालीमा रहेका सहकारी संस्थाहरूमा दुई लाख ६२ हजार ३२३ सेयर सदस्यहरू आबद्ध छन्, जसमा महिलाको संख्या १ लाख ८२ हजार ५०३ र पुरुषको ७९ हजार ८२० छ ।

वित्तीय हिसाबले प्रदेशका सहकारीको कुल सेयर पुँजी १ अर्ब ७५ करोड ३८ लाख ३३ हजार १४२ रुपैयाँ १५ पैसा छ भने कुल बचत रकम ८ अर्ब १९ करोड ४४ लाख ९३ हजार ६३२ रुपैयाँ ७१ पैसा छ । ती सहकारीमा कुल ऋण लगानी ११ अर्ब ५१ करोड ६४ लाख ९७ हजार ९४० रुपैयाँ ५९ पैसा छ । यस्तै, कर्णालीका सहकारीको कुल सम्पत्ति दायित्व १४ अर्ब २१ लाख ३६ हजार बराबर छ । कर्णालीमा सहकारी क्षेत्रले केही मात्रामा रोजगारीसमेत दिएको छ ।

रजिस्ट्रारको कार्यालयको तथ्याङ्क अनुसार सहकारी क्षेत्रमा प्रत्यक्ष रूपमा १ हजार ९८ जनालाई रोजगारी दिएको छ, जसमा ५७६ महिला र ५२२ पुरुष छन् । 'रोजगारी सिर्जनाको अवस्था सहकारी संख्याको तुलनामा कमजोर नै हो,' कार्कीले भने, 'त्यसको प्रमुख कारण सहकारीहरूमा कारोबार कम हुनुले पनि होला ।'

यहाँ विशेषगरी कृषि, बचत, ऋण, बहुउद्देश्यीय, तरकारी, जडीबुटी, साना किसानजस्ता सानासाना सहकारी सञ्चालनमा छन् । कार्कीका अनुसार कर्णालीमा ठुला सहकारी छैनन् । राजधानी वीरेन्द्रनगरमा मात्रै एक अर्बसम्मको कारोबार गर्ने केही सहकारी छन् ।

### *कमजोरीलाई सच्याउन प्रशिक्षण*

केही समय अघिसम्म राजधानी वीरेन्द्रनगरमा केही सहकारीमा ताला लगाएर सञ्चालक भागेको चर्चा थियो, जसमा शिव शिखर सहकारीलगायत थिए । रजिस्ट्रारको कार्यालयका अनुसार, ती सहकारी कर्णाली प्रदेश सरकारको नियमन मातहतमा पर्दैनन् ।

शिव शिखर सङ्घीय सरकार मातहतको सहकारी हो । केन्द्रकै शाखाका रूपमा राजधानी वीरेन्द्रनगरमा सञ्चालित थियो । प्रदेशको क्षेत्राधिकारमा पर्ने कर्णालीका ठुला सहकारीमा बौद्ध तथा वीरेन्द्रनगर सहकारी हुन् । त्यसबाहेक ठुला सहकारी केन्द्रबाटै सञ्चालित शाखाहरू हुन् ।

प्रदेशमा दर्ता भएका सहकारीहरूमा त्यस्तो कुनै ठुलो समस्या छैन । 'छिटपुट समस्या भएमा हामीले उनीहरूलाई अनुगमनका क्रममा प्रशिक्षण पनि दिन्छौँ,' रजिस्ट्रार कार्यालयका वरिष्ठ शाखा अधिकृत भीमबहादुर कार्कीले भने, 'त्यसक्रममा उनीहरूलाई नियमबारे जानकारी दिन्छौँ ।' उनीहरूले त्यसअनुसार पछि केही न केही सुधार गरिरहेको पनि कार्कीको भनाइ छ ।

कार्कीका अनुसार, प्रदेशभित्रका सहकारीको विषयमा अहिलेसम्म लिखित उजुरीसम्म आएको छैन । अनुगमनका क्रममा पनि त्यस्तो धेरै समस्या नभेटिएको उनले बताए । 'सामान्यतः कानुनको ज्ञान नभएर केही सामान्य गल्ती भएका छन्, हामीले सुधार गर्न निर्देशन दिन्छौँ,' उनले भने, 'त्यसअनुसार अहिले सुधार हुँदै आएको अवस्था पनि छ ।'

एक-दुईवटा मौखिक गुनासो आएको कार्कीले बताए । 'हामीले सञ्चालकहरूसँग सम्पर्क गरेपछि उनीहरू आफैँ सक्रिय भएर ऋणी र निक्षेपकर्ताहरूसँग ऋण मिलान गरी समस्या समाधान गरिरहेका छन्,' उनले भने ।

प्रदेशको रजिस्ट्रार कार्यालयको नियमन क्षेत्राधिकारभित्र एउटै प्रदेशमा एक वा एकभन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएका वा दुई वटा जिल्लामा कार्यक्षेत्र भएका सहकारी पर्छन् । एउटै स्थानीय तहभित्र कार्यक्षेत्र भएका सहकारीहरू सम्बन्धित स्थानीय तहकै नियमन क्षेत्राधिकारमा पर्छन् । दुई वा दुईभन्दा बढी प्रदेशमा कारोबार गर्ने सहकारी भने सङ्घको नियमन क्षेत्राधिकारमा पर्छन् ।

### *विश्वास जगाउनुपर्ने चुनौती कायमै*

कार्कीका अनुसार, देशभर सहकारी ठगी तथा अपचलनका घटनाले सबैतिर सहकारीप्रति नागरिकको विश्वास गुम्दै गएको छ । समयमै बचत फिर्ता गर्न नसक्ने कारण संस्थाप्रति सदस्यहरूको विश्वास गुम्दै गएको हो । सहकारीकै कारण अहिले सामाजिक सद्भावमा समस्यामात्रै आएको छैन, हिंसात्मक गतिविधि बढेका छन् । जसका कारण सहकारी संस्थाप्रति सदस्यहरूको नकारात्मक धारणा छ ।

उनको बुझाइमा, सहकारीले बचत फिर्ता नगरी तालाबन्दी गर्ने, सहकारीको ऋण तिर्नु पर्दैन भन्ने अभियानको प्रभाव केही सहकारीमा देखिएको अवस्था छ । निष्क्रिय सहकारी संस्थाका पूर्वसञ्चालकसँग समन्वय गरी विघटन गर्न अनुरोध गर्दासमेत दायित्व फरफारक गर्न समस्या देखाउने जस्ता गतिविधि भइरहेका छन् । 'यस्ता समस्यालाई चिर्दै विश्वास जगाउनुपर्ने चुनौती छ,' कार्कीले भने, 'सुशासन र वित्तीय अनुशासन कायम गर्ने, सम्पत्ति शुद्धीकरणसम्बन्धी निर्देशनहरूको पूर्ण पालना गर्नुपर्ने, सदस्यको पहिचान, जोखिम वर्गीकरण, फारम अद्यावधिक र असामान्य कारोबारको निगरानी अनिवार्य गर्नुपर्छ ।'

संस्थाले सेयर, बचत, कोष र ऋण लगानीको स्रोत तथा प्रयोगबारे सदस्यहरूलाई निरन्तर जानकारी गराउनुपर्ने कार्कीले बताए । यस्तै, निर्णय प्रक्रियामा इमानदारिता र वित्तीय विश्लेषणमा चनाखोपना अपनाउनुपर्नेमा उनले जोड दिए ।




## पर्यटक कम....

विवाहोत्सवलाई लक्षित गर्दै हरेक वर्ष व्यवस्थापन मजबूत बनाउने गरिए पनि यस वर्ष व्यवस्थापन पक्षमा कमजोरी देखिएको स्थानीयवासीहरूको बुझाइ छ । प्रदेश सरकार स्वयं आन्तरिक विवादमा फस्नु र जेनजी आन्दोलनको चपेटामा परिनुले महोत्सव व्यवस्थापनमा प्रत्यक्ष प्रभाव पारेको जनाइएको छ ।

सुरक्षा व्यवस्था भने पर्याप्त रूपमा परिचालन गरिएको भएपनि बसोबास, शौचालय, खाना तथा स्वास्थ्य सेवाजस्ता आधारभूत व्यवस्थामा कमजोरी देखिएको स्थानीयको गुनासो छ । जनकपुरधाममा आउने लाखौँ दर्शनार्थीलाई सहज वातावरण दिन आवश्यक संरचना अभावका कारण भक्तजनले कठिनाइ बेहोर्नुपर्ने अवस्था देखिएको छ ।

नगरभित्र सुरक्षा तैनाथी कडा पारिए पनि भक्तजनका लागि बनाइने अस्थायी व्यवस्था धेरै ठाउँमा अपुरो रहेकाले समग्र महोत्सव व्यवस्थापनलाई सुधार गर्नुपर्ने आवाज उठ्न थालेको छ ।

जनकपुरधाममा हुने रामसीता विवाहोत्सव केवल धार्मिक पर्व मात्र होइन, ऐतिहासिक पहिचान, सांस्कृतिक निरन्तरता तथा नेपाल( भारतको साझा सभ्यताको प्रतीकसमेत हो । यस्ता चुनौतीहरूको समाधान गर्दै जनकपुरधामलाई स्थायी रूपमा सुरक्षित, व्यवस्थित र आकर्षक धार्मिक(पर्यटक गन्तव्यका रूपमा विकास गर्न सके यसको प्रभावसमेत दीर्घकालीन हुनेछ ।

## पार्टीमात्र.....

कांग्रेस र दक्षिणपन्थी भन्ने शक्तिहरूले चाहिँ व्यक्तिको निजी स्वतन्त्रता र उसको निजी स्वार्थ हो, त्यही प्रधान हो भन्दाभन्दै त उनीहरूले बहुसंख्यक जनतालाई गरिब बनाउने, असमान बनाउने, विभेद गर्ने गरेर जुन संकटमा परे, त्यो पनि दिगो छैन ।

हामीले अगाडि सार्न खोजेको विचार भनेको व्यक्तिको निजत्व र उसको सामाजिकता, सामूहिकता, यी दुवैको ठिक सन्तुलन मिलाएर अगाडि बढ्ने विचार-दर्शन, यो विचार-दर्शनको हकमा त्यो र त्यही अनुसारको हाम्रो अर्थनीति, निजी क्षेत्रलाई पनि र राज्य क्षेत्रको पनि, समुदायको क्षेत्रको पनि भूमिका हुने कुरा र सामाजिक हिसाबले पनि हामीले वर्ग, व्यक्तिमात्रै होइन, जाति, क्षेत्र, लिङ्ग, समुदाय, यिनीहरूको पनि अधिकारको कुरा गर्ने भनेर यस अर्थमा हामीले त्यो विकसित विचार निर्माण गर्न खोजेको हो । अब पुँजीवाद पछि समाजवाद भन्ने नै हो । तर हाम्रा कम्युनिस्ट भन्ने साथीहरू जो कमाउनिस्ट हुनुभएको छ, भन्नचाहिँ कम्युनिस्ट भन्नुहुन्छ, उहाँहरूले फेरि समाजवाद भन्नुहुन्छ । त्यो नेकपाको समाजवाद भित्र त राखेको, फेरि समाजवादी भन्न थाल्नुभयो । अनि मान्छेले त्यो कम्युनिस्ट र समाजवाद भनेको फरक भन्ने नि जनतालाई बुझ्न गाह्रो भो । त्यसो भएर अहिले हामीले पार्टीको नाममा समाजवाद भन्नुभन्दा पनि गुदी तत्त्व भनेको चाहिँ प्रगतिशीलता हो, निरन्तर गति र परिवर्तनमा हो र लोकतन्त्र हो । लोकतन्त्र भनेको निरन्तर विकसित हुँदै जाने चीज हो । उन्नत ढंगले हुँदै जाने कुरा हो ।

त्यसैले प्रगतिशीलता कन्टेन्टमा, गुदीमा, एजेन्डामा, राजनीतिमा, अर्थनीतिमा, विचारमा, संस्कृतिमा, संस्कारमा, शैलीमा त्यो प्रगतिशील हुनुपर्‍यो । र, त्यसको रूप पक्ष, सार पक्ष त्यो हुनुपर्‍यो, रूप पक्ष डेमोक्रेटिक हुनुपर्‍यो । प्रत्यक्ष जनताबाट निर्वाचित हुने, खुलापन हुने लगायतका जुन आधुनिक लोकतन्त्रका मान्यता छन्, त्यसलाई विकसित गर्दै जाने हुनुपर्‍यो भन्ने अर्थमा हामीले प्रगतिशील लोकतन्त्र भनिएको हो ।

यो सजिलो शब्द छ, तर यसको गहिराइ धेरै छ । यसलाई नै बुझेर हामीले त्यो नयाँ धार हामीले विकास गर्नुपर्छ । र विश्वमा नि यो विषयको बहस छ । त्यसैले हामीले अर्को एकथान पार्टीमात्र बनाएको होइन, कांग्रेसबाट रुष्ट भएका मान्छे यता आउने, कम्युनिस्टबाट रुष्ट भएका आउने ठाउँमात्र पनि होइन । त्योभन्दा विकसित, तिनीहरूबाट भन्दा अगाडि बढेको चेतना भएका मान्छे यहाँ आउने हो । त्यो मुख्य रूपमा जेनजीका साथीहरू धेरैभन्दा धेरै सहभागी बन्नुहोस् । तपाईंहरूको जुन क्लिन प्लेट छ, स्लेट छ, त्यहाँ लेख्न सजिलो हुन्छ नि । क्लिन स्लेटमा लेख्न सजिलो हुन्छ, तर अरुले लेखेको स्लेटमा फेरि मेटाएर लेख्दा खेरि त्यो खजमजिन्छ, अस्पष्ट हुन्छ, झन् ढिलो हुन्छ । त्यसैले अब खराब कुरा होइन, राम्रा कुरा सिक्ने, सिकाउने र यो संगठन हाँक्ने ढंगले तपाईंहरू आउनुहोस् । पुराना साथीहरूको अनुभव पनि चाहिन्छ । फेरि राजनीति भनेको व्यवहार गरेर पनि सिक्ने हो ।

मार्क्सको एउटा प्रसिद्ध भनाइ छ, संसारको व्याख्या गर्नेमात्र होइन, मुख्य कुरा बदल्ने हो भन्छन् उनीहरूले । त्यसैले व्याख्या अनेक ढंगले गर्न सकिन्छ तर त्यो ठिक कि बेठिक भन्ने छुट्ट्याउने दुनियाँ बदल्न सकियो कि सकिएन भन्ने आधारले नै हो । त्यो विचार ठिक हो कि होइन, नीति ठिक हो कि होइन भन्ने टुंगो हुन्छ । त्यसैले त्यो कुरा प्रयोग गर्ने भनेको फेरि पार्टीमार्फत नै हो ।

त्यो भनेको जनताको बिचमा गएर नै हो, संघर्ष गरेर नै हो । त्यसै भएको हुनाले तपाईंहरू निर्धक्कका साथ आउनुहोस् भन्ने मेरो आग्रह छ । र मैले यो वचन दिएको छु, खासगरी पुराना साथीहरूले ख्याल गर्नुहोला, उहाँहरू त्यो रिजर्भेसनसहित जो आउँदै हुनुहुन्छ । तपाईंहरूले यहीँ आएर बढी भूमिका खेल्न सक्नुहुन्छ, यो पार्टीलाई बदल्न सक्नुहुन्छ । बदलिएन भने त बदल्ने हो नि त । संघर्ष गर्ने, विद्रोह गर्ने हो । मैले पहिले विद्रोह गरेँ, अहिले जनार्दनजीहरूले, कार्कीजीहरूले गर्नुभयो, सन्तोषजीहरूले, हाम्रो सुदनजीहरूले गरिराख्नुभएको छ । त्यो त विद्रोह हो नि । त्यो विद्रोह गर्ने अधिकार त तपाईंलाई सधैं हुन्छ ।

त्यसैले यसलाई रुपान्तरण बनाउने, रुपान्तरण गर्ने, कथंकदाचित भयो भने विद्रोह गर्ने, त्योभन्दा अगाडि राम्रो बनाउने । त्यस अर्थमा आउनुहोस् भन्ने मेरो आग्रह छ । अन्त्यमा तपाईंहरूलाई आग्रह के छ भने, यो पार्टी हामीले बनाउनुपर्छ, नत्र देश सहज अवस्थामा छैन । म तपाईंहरूको सद्भावले प्रधानमन्त्री बनिसकेको मान्छे, मैले जे जति सूचना प्राप्त गरिरहेको छु, अहिलेसम्म भदौ २४ को यता हेर्नुभयो भने दुई, अढाई महिना हुन थालिसक्यो, यो न अघि न पछि, यो भिरको चिचिण्डोजस्तो न तलबाट टिप्न सकिन्छ, न माथिबाट टिप्न सकिन्छ । त्यस्तो अवस्थामा देश छ । त्यसैले एक त लोकतन्त्र धरापमा छ । त्योमात्रै होइन, जुन जटिल भूराजनीति छ, त्रिपक्षीय साँढेहरूको तानातान यहाँनेर छ । त्यसलाई ठिक ढंगले सन्तुलित मिलाउन सकिएन, जानिएन, हाम्रो ढंग पुगेन, बुझिएन भने तिनले पनि खेलिदिने गर्छन् । अनि देशभित्र अहिले अत्यन्तै संवेदनशील अवस्था छ, यी दुई वटाको एकफल स्वरुप देश गम्भीर दुर्घटनामा जाने खतरा अहिले पनि छ ।

मैले तपाईंहरूलाई बढाईचढाई भनेको होइन, यो सत्य कुरा मैले भनिरहेको छु । त्यसै भएर यसलाई मध्यनजर गर्दै हामीले सतर्कतापूर्वक अगाडि बढ्नुपर्छ । हाम्रो बाआमाहरूले खुरुक्क काम गर्नुहुन्छ, मेहनत गर्नुहुन्छ, एउटा उमेर पार गरेपछि सक्नुहुन्न, बिरामी हुनुहुन्छ, रोग लाग्छ र उहाँको पनि अन्त्य हुन्छ भनेर त हामीले बुझेकै छौं नि । त्यसैले नेताहरूलाई पनि, पार्टीहरूलाई पनि स्वतः रोग लाग्छ । पुराना साथीहरूले कोसिस गर्नुभयो, तर हुँदैन भन्ने चेतसहित जो तपाईंहरू आउनुभएको छ, त्यो चेत, विद्रोहको चेत, यो नयाँ युवा साथीहरूको नयाँ केही गरौँ भन्ने हुटहुटी, यो दुइटा मिलायो भने बल्ल देशले विकल्प पाउँछ । त्यसो नगरेसम्म ठिक ट्र्याकमा आउँदैन, जनतालाई बुझाउनु पनि त पर्‍यो ।

अब चुनाव गर्नुपर्छ, चुनाव गरिएन भने झन् संविधान नै दुर्घटनामा पर्छ । एउटा पाटो त त्यो हो । तर यही अवस्थामा यिनीहरूले चुनाव गराउँछन् ? यिनीहरूको जुन गलत नियत छ, जुन ढंगको चलखेल छ यहाँ, यदि तपाईंले सतर्कता देखाउन सक्नुभएन भने विभिन्न बहानामा यो टर्दै गएर दुर्घटनातिर जान पनि सक्छ ।

एउटा त्यसको निम्ति शक्ति चाहिन्छ । अर्को, चुनाव भइसकेपछि यदि यो बलियो शक्ति, यो पुराना साँढेहरूलाई पार लगाउने शक्ति निर्माण हुन सकेन भने चुनाव भएपछि के हुन्छ ? फेरि तिनै आउँछन् । जनताको चेतना त्यस्तै छ नि त । उहाँहरूले राम्रो नराम्रो भन्नुहुन्छ, मलाई नि भन्नुहुन्छ, बाबुराम त राम्रो, असाध्यै राम्रो मान्छे, तर के गर्नुहुन्छ ? पार्टी सानो छ, जित्न गाह्रो छ, अब भोटचाहिँ दिन सकिएन भन्नुहुन्छ बिचरा । शक्ति बलियो छैन भन्ने साइकोलोजी त हुन्छ नि सबैको ।

त्यसैले हामीले दबाब दिएर यो संकटबाट देशलाई निकास दिन शक्ति आर्जन गर्ने कुरा, निरन्तर गतिशील बनेर खबरदारी गर्ने कुरा, शक्ति आर्जन गरेर, संगठन आर्जन गरेर, जनकार्य गरेर, जनताको मन जितेर निर्वाचनमा विजय हासिल गरेर सरकारको नेतृत्व गर्ने अनि त्यसबाट आफ्नो नीति लागु गर्ने । हो यो ढंगले तपाईंहरू जानुपर्छ, त्यो सम्भव छ ।

मैले देखेको छु किनभने ५० सालमा सानो एउटा ९ सिटे पार्टी थियो, हामीले माओवादी जनयुद्ध सुरु गर्नु अगाडि । त्यो पार्टीको बेलामा पनि म सक्रिय थिएँ । जनार्दनजीहरू त्यतिबेला चुनावमा उठ्नुभएको थियो । हामी त्यतिबेला हुँदै कांग्रेस, एमाले भन्दा डबल ठुलो पार्टी बनाएर त्यहाँ पुगाएर फेरि जिरोबाट सुरु गरेर आएको मान्छे होइन ? त्यसले गर्दा विचार सही भयो, नेतृत्व सही भयो, संगठन सही बन्यो र जनतासँग सहकार्य गर्ने र तपाईंहरूको संस्कार र संस्कृति, एउटा नैतिक मूल्यवान रह्यो भने पार्टी बन्छ, जनताले साथ दिन्छ, हामी विकल्प बन्न सक्छौं । त्यसैले तपाईंहरूलाई यही म शुभकामना दिँदै, यसैको निम्ति लाग्न तपाईंहरूलाई अभिप्रेरित गर्दै, म हमेसा तपाईंहरूको साथमा रहनेछु, नजिक रहनेछु, तपाईंहरूलाई सल्लाह सुझाव दिइराख्नेछु, गलत बाटो लिनुभयो भने खबरदारी पनि गरिराख्नेछु ।

यो प्रगतिशील लोकतान्त्रिक पार्टी देशको साँचो विकल्प बनोस्, यही आग्रहका साथ, शुभकामनासहित म बिदा हुन्छु, धन्यवाद ।

# एनपिएल विराटनगरको लगातार तेस्रो जित

दैनिक समाचारदाता
काठमाडौं ८ मंसिर । कप्तान सन्दीप लामिछाने एक्लैले चार विकेट लिएपछि विराटनगर किङ्सले नेपाल प्रिमियर लिग (एनपिएल) मा लगातार तेस्रो जित निकालेको छ ।
त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा सोमबार भएको खेलमा विराटनगरले साविक विजेता जनकपुर बोल्टसलाई नौ रनले हरायो ।
जितका लागि एक सय ३६ रनको सामान्य लक्ष्य पछ्याएको जनकपुर निर्धारित २० ओभरमा नौ विकेटको विकेटको क्षतिमा एक सय २६ रनमा समेटियो । जितसँगै तीन खेलबाट ६ अङ्क बनाएको विराटनगर शीर्षस्थानमा छ । लगातार दोस्रो हार खेपेको जनकपुरले अङ्कको खाता खोल्न सकेको छैन ।
जनकपुरका लागि जान किनोल लप्टी इटोनले सर्वाधिक ४१ रन बनाउनुभयो । यस्तै लाहिरु मिलान्थाले २३, सन्जय कृष्णमूर्तिले २० र आशिफ शेखले १३ रन बनाउनुभयो ।



जनकपुरलाई निराश बनाउन बलिङमा विराटनगरका कप्तान सन्दीप लामिछाने एक्लैले चार विकेट लिनुभयो । उहाँले चार ओभरमा जम्मा ११ रन मात्र खर्चिनुभयो । सन्दीप प्लेयर अफ दि म्याच हुनुभयो ।
यस्तै सूर्य तामाङले दुई दुई तथा शुभम् रन्जने र मर्सेन्ट डे लन्जले एक एक विकेट लिनुभयो ।
यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको विराटनगरले निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा एक सय ३५ रन बनाएको थियो ।
विराटनगरका लागि शुभम् रन्जनेले सर्वाधिक ३७ रन बनाउनुभयो । यस्तै बसिर अहमदले ३६, ओपनर लोकेश बमले २८, माटिन गुप्टिलले १३ र जर्ज मुन्सीले १० रन बनाउनुभयो ।
बलिङमा जनकपुरका सांगीत कुरे र रुपेश सिंहल दुई दुई तथा आदित्य महताले एक विकेट लिनुभयो । यसअघि विराटनगरले पहिलो खेलमा पोखरा एभेन्जर्स र दोस्रो खेलमा काठमान्डु गोर्खाजलाई हराएको थियो ।यस्तै जनकपुर उद्घाटन खेलमा काठमान्डु गोर्खाजसँग पाँच विकेटले पराजित भएको थियो । आजै अर्को खेलमा साविक उपविजेता सुदूरपश्चिम रोयल्स र कर्णाली याक्सबिच प्रतिस्पर्धा हुँदैछ ।

# तोकिएकै समयमा निर्वाचन हुन्छ : कुलमान घिसिङ

दैनिक समाचारदाता
काठमाडौं ८ मंसिर । ऊर्जा, सहरी विकास मन्त्री कुलमान घिसिङले सरकारले घोषणा गरेको मितिमा नै निर्वाचन हुने बताएका छन् ।
सोमबार राष्ट्रियसभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको बैठकमा यस्तो बताएका हुन् । उनले निर्वाचनका विषयमा सरकारले राजनीतिक दलहरूसँग छलफल गरिरहेको बताए।उनले भने,'निर्वाचन समयमा हुन्छ। सरकार निर्वाचन केन्द्रित काम गरिरहेको छ। सबै राजनीतिक दल निर्वाचनमा जानुको विकल्प छैन।'
उनले अहिले निर्वाचनको लागि राजनीतिक दलहरू निर्वाचन आयोगमा दर्ता भइरहेको जानकारी दिए।

# बलिउड अभिनेता धर्मेन्द्रको निधन

दैनिक समाचारदाता
काठमाडौं, ८ मंसिर ।
बलिउड अभिनेता धर्मेन्द्रको ८९ वर्षको उमेरमा निधन भएको छ ।
सोमबार अपराह्न उनको आफ्नै निवासमा निधन भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।
बलिउड फिल्म निर्माता करण जोहरले अभिनेता धर्मेन्द्रको निधन भएको पुष्टि गर्दै सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जलि व्यक्त गरेका छन् । उनले भनेका छन्, ' धर्मेन्द्रको निधनले एक युगको अन्त्य भएको छ।एउटा विशाल मेगास्टार, मुख्यधारको सिनेमाका एउटा सच्चा हिरोको पहिचान



बनाउनु भएको उहाँ भारतीय सिनेमाको इतिहासमा सधैं चम्किरहनुहनेछ।'
यस्तै बलिउडका दिग्गज कलाकारहरू हेमा मालिनी, अमिताव बच्चन, आमिर खानलगायत आर्यघाट पुगेका छन् ।
यसअघि धर्मेन्द्रको निवासमा एम्बुलेन्ससहितका गाडी र घर बाहिर सुरक्षा बढाइएको थियो।

# दर्ता दलको संख्या १३२ पुग्यो


दैनिक समाचारदाता
काठमाडौं, ८ मंसिर । हाम्रो पार्टी नेपालले दल दर्ताको प्रमाणपत्र लिएको छ । यो सँगै निर्वाचन आयोगमा दर्ता हुने दलको संखया १३२ पुगेको छ ।
निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभाको निर्वाचनको मिति घोषणा भएयता मात्रै १३ वटा नयाँ दल दर्ता भएका छन् ।
२७ भदौमा प्रतिनिधि सभाको निर्वाचनको मिति तोकिएको थियो । अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आगामी २१ फागुनका लागि प्रतिनिधिसभाको निर्वाचन तोकेका छन् ।
प्रतिनिधिसभाको निर्वाचनमा भाग लिनका लागि दलहरूले निर्वाचन प्रयोजनका लागि समेत दल दर्ता गर्नुपर्छ । प्रतिनिधि सभा निर्वाचनमा भाग लिने गरी ५६ दलले दल दर्ता गरेका छन् ।
निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने समय यही १० मंसिरसम्मको समय तोकिएको छ । १० मंसिरसम्म निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने दलहरूले चुनाव लड्न पाउँछन् ।
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम अनुसार आगामी ६ माघमा उम्मेदवारको मनोनयन पत्र दर्ताको समय छ । सोही दिन बेलुका उम्मेदवारको सूची प्रकाशन हुनेछ। मनोनयन पत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने दिने दिन ७ माघ हुनेछ । ८ माघमा मनोनयन पत्र र उजुरी उपर जाँचबुझ एवम् निर्णय गर्नेछ । पुनः उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । ९ माघमा उम्मेदवारको नाम फिर्ता लिन सक्नेछन् । सोही उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ।

# तस्करको समूह र प्रहरीबिच गोली हानाहान

दैनिक समाचारदाता
बारा ८ मंसिर । बाराको पचरौत नगरपालिका-६ अन्तर्गत सीमावर्ती चिकनी-पकडिया नजिक आइतवार राति साढे १० बजे तस्करी नियन्त्रणका क्रममा नेपाल प्रहरी र तस्कर समूहबिच गोली हानाहान भएको छ ।
भन्सार छलीका मालवस्तु नेपालतर्फ भित्र्याउन लागेको ठोस सूचना पाएपछि प्रहरी टोली सीमातर्फ परिचालन गरिएको थियो ।
भारतको हनुमाननगरबाट ट्याक्टरमा लोड गरेर अवैध सामान नेपाल भित्र्याउन लागिएको सूचनाका आधारमा प्रहरीले रोकथाम गर्ने प्रयास गर्दा तस्कर समूहले पहिलो आक्रमण गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिनुभयो । उहाँका अनुसार नियन्त्रणका लागि अघि बढेको प्रहरीमाथि तस्करहरुले अचानक दुई राउन्ड गोली प्रहार गरेपछि परिस्थितिलाई नियन्त्रणमा लिन प्रहरीतर्फबाट सात राउन्ड गोली फायर गरिएको हो।
घटनास्थलमा खटिएको टोली इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएका प्रहरी निरीक्षक कृष्णदेव प्रसाद साहको कमाण्डमा रहेको २० जनाको समूह थियो । प्रहरीले ईंटाभट्टा नजिकै अवैध सामान लोड गरिएको ट्याक्टर नियन्त्रणमा लिएर जिल्लातर्फ ल्याउने प्रयास गर्दै गर्दा तस्कर समूहले फेरि आक्रमण गरेको थियो । संख्या बढी रहेका तस्करहरुले गोली प्रहार गर्दै ट्याक्टर तथा मालवस्तु छाड्न नदिई भारतीय सीमावर्ती विन्ध्यवासिनी गाउँतर्फ भागेका थिए ।
भाग्दै गरेका तस्करहरुले छाडेर भागेका चार वटा भारतीय नम्बर प्लेटका मोटरसाइकल, दुई मोबाइल र आधारकार्ड प्रहरीले घटनास्थलमै फेला पारेको छ । नियन्त्रणमा लिइएको ट्याक्टरमा कस्तो किसिमका अवैध सामग्री थिए भन्ने बारेमा प्रारम्भिक रुपमा पुष्टि हुन बाँकी छ । तस्करतर्फ गोली प्रहारबाट के कति क्षति भयो भन्ने विवरण पनि सुरक्षा निकायले पुष्टि गर्न सकेको छैन ।
सशस्त्र प्रहरीले भूमिकामाथि प्रश्नचिन्ह भन्सार चुहावट र सीमा अपराध रोक्न जिम्मेवारी पाएको सशस्त्र प्रहरीको भूमिका पुनः शङ्काको घेरामा आएको स्थानीय सुरक्षा स्रोतहरुको दाबी छ । रातिको भिडन्तमा सशस्त्र प्रहरीको उपस्थिति नदेखिनुले र तस्करहरुले अवैध मालवस्तु सजिलै लिएर भाग्न सफल हुनुले सहयोगीको आशङ्का देखिएको हो ।
बारामा तस्करी नियन्त्रण गर्ने दुवै सुरक्षा निकाय-नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच आर्थिक भागबन्डा नमिलेको कारण वर्षमा एक-दुई पटक तस्कर समूहसँग दोहोरो भिडन्त, झडप र कहिलेकाहीँ प्रहरीको हतियारसम्म खोसिने घटना दोहोरिन थालेको सुरक्षास्रोतको भनाइ छ।
विशेष गरी सीमाक्षेत्रमा सक्रिय तस्करी सञ्जाललाई जरा उखेलेर नियन्त्रण गर्न दुवै सुरक्षा निकायबीच तालमेल, साझा रणनीति, सूचनाको द्रुत आदानप्रदानमा निरन्तर निगरानी अपरिहार्य रहेको सुरक्षा विश्लेषकहरु बताउँछन् ।

# पक्राउ परेकाले २ करोडको कारोबार गरेको भेटियो

दैनिक समाचारदाता
काठमाडौं, ८ मंसिर । नेपाल प्रिमियर लिग (एनपीएल)मा बेटिङ (सट्टेबाजी) गराएको आरोपमा पक्राउ परेकाहरूले २ करोड ५ लाखको कारोबार गरेको देखिएको छ ।
दुई पटकमा ९ भारतीय र एक नेपाली महिलासहित प्रहरीले १० जनालाई पक्राउ गरेर अहिले अनुसन्धान गरिरहेको छ ।
उनीहरूको कारोबार विवरण हेर्दा २ करोड ५ लाख देखिएको



जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताए ।
दुई जनालाई खेलाडीसँग म्याच फिक्सिङ गरेको आरोपमा पक्राउ परे । बाँकी ८ जना बेटिङ गर एको आरोपमा पक्राउ परेका थिए ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,.जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४